# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।०९।२३ गते।

# प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।०९।२२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया

<u>देहायः</u>

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिबादीहरु सियाकान्त चौधरी, यदुनाथ दाहाल, चन्द्र बहादुर कार्की, गजेन्द्र बहादुर थापा, राम बहादुर थापा, गणेशकुमार खिडहरी (वि.अ. को मु.नं. ०७६-CR-०३७६), विशेष अदालतको फैसला मिति २०८०।२।२२ | सरकारी जग्गा व्यक्ति विशेषको नाउँमा दर्ता गरी भ्रष्टाचार गरेको। | प्रतिवादीहरुले सरकारी/ सार्वजनिक जग्गा व्यक्तिका नाउँमा दर्ता गरी नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याएको देखिँदा उक्त कार्यमा सलग्न प्रतिवादीहरु **नापी प्रमुख सियाकान्त चौधरी**ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसुर गरेकोले रु.४,८९,२०१/११ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन,<br>**मालपोत प्रमुख यदुनाथ दाहाल**ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसुर गरेकोले रु.४,१४,४५३/११ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन,<br>**प्र.गजेन्द्र बहादुर थापा**ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेकोले रु. ४,१४,४५३/११ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी पाउन साथै निजको नाममा | **फैसलाः**<br>- प्रतिवादीहरु गजेन्द्र बहादुर थापा र रामबहादुर थापाले क्रमशः कि.नं.८१५ र कि.नं.१३७ को जग्गा दर्ता गर्न भनी दिएको निवेदन उपर कारवाही भई बदनियतपूर्वक प्रतिवादी टेकबहादुर खड्काले मिति २०६७/१२/१५ मा गजेन्द्र बहादुर थापाका नाउँमा दर्ता गर्न टिप्पणी लेखी प्रतिवादी भिमबहादुर खत्री समक्ष पेश गरेको र अर्का प्रतिवादी भिमबहादुर खत्रीले उक्त जग्गा दर्ताका लागि प्रतिवादी कटक बहादुर खत्री समक्ष सोही मितिमा पेश गरी प्रतिवादी कटक बहादुर खत्रीले सोही मितिमा सदर गर्नुका साथै मिति २०६६/१२/२७ मा फिल्डबुकमा दर्ता जनाउन नापी कार्यालय खोटाङलाई पत्र समेत लेखी सरकारी/सार्वजनिक जग्गा व्यक्तिका नाउँमा दर्ता गरी जम्मा रु.४,८९,२०१/११ बराबर नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याएको देखिँदा प्रतिवादीहरु कटकबहादुर खत्री, भिमबहादुर खत्री र टेकबहादुर खड्काले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ज) बमोजिमको कसूर गरेको ठहरी प्रतिवादीहरुलाई उक्त कसूरमा सोही ऐनको दफा ८ (१) बमोजिम कसूरको मात्रा अनुसार प्रतिवादी कटक बहादुर खत्रीलाई ६ (छ) महिना कैद र हानी नोक्सानी गरेको विगोको दामासाहीले हुने रु.१,६३,०६७/- जरिवाना हुने, प्रतिवादी भिमबहादुर खत्रीलाई र टेक बहादुर खड्कालाई जनही ५ (पाँच) महिना कैद हुने र जनही विगो रु.१,६३,०६७/- जनही जरिवाना हुने ठहर्छ।<br>- प्रतिवादी मध्येका सियाकान्त चौधरी ले जग्गा दर्ता समिति मार्फत विभागीय सहमति लिई कि.नं. १३७ र ८१५ को जग्गा दर्ता गर्न सिफारिस गरेको कार्य अन्यथा देखिन आएन। मालपोत कार्यालयबाट सो सिफारिस विपरीत जग्गा दर्ताको निर्णय गरेको देखिंदा सो कार्यमा प्रतिवादीको मिलोमतो र संलग्नता पुष्टि हुन नसकी यी प्रतिवादीले सफाई पाउने देखियो। प्रतिवादी मध्येका यदुनाथ दाहालले छुट जग्गा दर्ता समितिबाट कि.नं. ८१५ | - प्रस्तुत मुद्धामा किता.नं. १३७ को जग्गाको झूठो ७ नं. भूमी सम्बन्धी फाँटवारी देखाई उक्त जग्गा आफ्नो नाउँमा दर्ता कायम गरी पाउँ भनी निवेदन गर्ने निवेदक प्रतिबादी राम बहादुर थापाको निबेदन, सोहि जग्गाको सम्बन्धमा फिल्ड प्रतिवेदन दिंदा प्रतिबादी अमिन गणेश कुमार खिड्हरीले झूठो तथ्य " भूलवसले दर्ता गर्न छुट हुन गएको" भनी व्यहोरा लेखी फर्जी कार्य गर्न सहयोग पुर्याथएकोमा तत्कालीन नापी निरीक्षक प्रतिबादी सियाकान्त चौधरीले उल्लेखित गलत प्रतिवेदनलाई समेत संलग्न गरी मालपोत कार्यालयमा प्रतिवेदन साथै राखी पत्राचार गरी सोही कि.नं. १३७ को जग्गा समेत विभागको सहमती लिई दर्ता सिफारिस गरियो भनी मिति २०६७/११/०५ मा छुट जग्गाको समितिमा सदस्य समेत भई प्रतिबादी सियाकान्त चौधरीले मिति २०६७/१२/५ मा सिफारिस गरी सरकारी जग्गा व्यक्तिको नाउँमा दर्ता गर्न सबै खाले परिपञ्च गरेको सिद्ध भै रहेको परिवेशमा सर्वोच्च अदालतबाट निर्णय नं. ८५८३ मुद्धाः पर्ती जग्गा नामसारी गरी भ्रष्टाचार गरेको मु.नं. २०६३-CR-०२३४, ०२८७, ०२८८ को मुद्धामा "एक जिम्मेवार अधिकारीले बस्तुस्थिती एवं प्रमाण बुझी कानून बमोजिम गर्नुपर्ने कार्य कसैले भन्यो भनेर प्रमाण बुझ्दै नबुझी गर्दछ भने त्यस्तो कार्यको जिम्मेवारी आफूले नै लिनुपर्ने" समेत नजिर प्रतिपदित भएको सन्दर्भबाट उल्लेखित प्रतिवादीहरु समेत उक्त कि.नं. १३७ को सरकारी पर्ती/जग्गा व्यक्ति विशेषको नाउँमा दर्ता गर्ने कार्यमा संलग्नता प्रमाणित भएको। अर्का प्रतिवादी गजेन्द्र कुमार थापाले झूठा भूमी सुधारको ७ नं. फाँटवारी देखाई कि.नं. ८१५ को पर्ती सरकारी जग्गा छुट जग्गा दर्ता गर्न भनी निवेदक बनी आएको, उक्त जग्गा दर्ता प्रक्रियामा लागी मालपोत कार्यालयका कर्मचारी टेक बहादुर खड्का, भिम बहादुर खत्रीबाट टिप्पणी उठाई प्रतिबादी कटक बहादुर खत्रीले टिप्पणी सदर गरी कथित छुट जग्गाको नाउँमा जग्गा दर्ता गरी सोहि दर्तावाला जग्गालाई पुनः किताकाट गराई घुस वापतको जग्गा दर्ता रजिस्ट्रेशन मार्फत कि.नं. १५६१ को जग्गा कर्मचारी ना.सु.चन्द्र बहादुर कार्की, ना.सु.भिम बहादुर खत्री र खरिदार टेक बहादुर खड्काको नाउँमा समेत संयुक्त नाउँमा जग्गा स्रेस्ता कायम भई सोहि जग्गाको रु ६३,८५०।- मुआब्जा सडक विभागबाट प्रतिबादी चन्द्र बहादुर कार्की समेतले लिए खाएको स-प्रमाण पुष्टि भएको साथै तत्कालीन मालपोत अधिकृत प्रतिबादी यदुनाथ दाहालले सोहि कि.नं. ८१५ को जग्गा छुट दर्ता समितिमा अध्यक्षताको जिम्मेवारीमा रहि व्यक्ति विशेषको नाममा दर्ता गर्न मिति २०६६/५/१० मा सिफारिस समेत गरेको अवस्थामा प्रतिवादीहरुले उक्त कि.नं. ८१५ को सरकारी जग्गा व्यक्ति विशेषको नाउँमा दर्ता गर्न भूमिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रहेको जग्गाको दर्ता श्रेस्ता भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम बदर हुन,<br>**प्र.राम बहादुर थापा**ले दफा ८ को उपदफा (४) बमोजिम कसुर गरेकोले रु. ७४,७४८/४३ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी पाउन साथै निजको नाममा रहेको जग्गाको दर्ता श्रेस्ता भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम बदर हुन,<br>**अमिन गणेश कुमार खिडहरी**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन,<br>**ना.सु. चन्द्र बहादुर कार्की**ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेकोले रु. ६३,८५०/- बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय गरी पाउन मागदाबी लिइएको। | को जग्गा विभागीय सहमति लिई दर्ता गर्न सिफारिस गरेको सम्म देखिन्छ।उक्त सिफारिस विपरीत जग्गा दर्ताको निर्णय भएको, प्रतिवादी सो निर्णयमा संलग्न नरहेको निर्णयमा प्रतिवादीको समेत पुष्टि हुन नसकी प्रतिवादीले सफाई पाउने देखियो। तत्कालिन अमिन गणेश कुमार खिडहरीले स्थलगत सर्जमिनका आधारमा प्रतिवेदन दिएको सम्म देखिएको, निजले गैरकानूनी लाभ लिने वदनियतले प्रतिवेदन दिएको पुष्टि हुन नसकेकोले प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ (२) बमोजिम को कसूर गरेको पुष्टि हुन सकेन ।<br>-प्रतिबादी चन्द्र बहादुर कार्की कि.नं ८१५ खरिद कर्ता सम्म रहेकोले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसुर पुष्टी हुन नसकी निजले आरोपित कसुरबाट सफाई पाउने देखियो।<br>-प्रतिबादीहरुले सम्झौताको शर्त बिपरित ब्यवसाय गरेको पुष्टि हुन नसकी प्रतिबादीहरु गजेन्द्र बहादुर थापा र चन्द्र बहादुर कार्कीले आरोपीत कसुरबाट सफाई पाउने ठहर्छ।<br>**विशेष अदालतले प्रतिबादिहरुलाई सफाई दिदा लिएका आधारः**<br>- प्रमाणको अभावमा अन्य प्रतिवादी सियाकान्त चौधरी, यदुनाथ दाहाल, गजेन्द्र बहादुर थापा, रामबहादुर थापा, गणेशकुमार खिडहरी र चन्द्र बहादुर कार्कीले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ। वादीको अन्य आरोपदावी पुग्न सक्दैन भन्ने मिति २०८०/०२/२२ मा भएको बिशेष अदालतको फैसला। | निभाएको।उपरोक्त कि नं १३७ र ८१५ को दुबै सरकारी /पर्ती जग्गा गैरकानूनी रुपमा उल्लेखित प्रतिवादीहरुको संलग्नतामा व्यक्तिबिशेषको नाउँमा छुट जग्गा दर्ता नगरेको, निर्णयमा संलग्नता नरहेको, गैरकानूनी लाभ लिने वदनियतले प्रतिवेदन दिएको पुष्टि हुन नसकेको, गैरकानूनी लाभ लिने वदनियत पुष्टि हुन नसकेको एवं कसुर पुष्टि हुन नसकेको भन्ने सहितका तर्क लगाई विशेष अदालतले गरेको व्याख्या माथी यसै प्रकारणमा उल्लिखित मुद्दा.नं. २०६३-CR-०२३४ को मुद्धामा निर्णय नं ८५८३ मा सर्वोच्च अदालतले प्रतिपादित गरेको नजिर समेतको विरुद्दमा फैसला भएको देखिदा मिति २०८०/२/२२ को बिशेष अदालतको फैसलामा सफाई पाउने प्रतिवादीहरुका हकमा सो फैसला मिलेको देखिदैन। प्रतिबादीहरु सियाकान्त चौधरी, यदुनाथ दाहाल, चन्द्र बहादुर कार्की, गजेन्द्र बहादुर थापा, राम बहादुर थापा, गणेशकुमार खिडहरीका हकमा सफाई पाउने ठहऱ्याई विशेष अदालतबाट मिति २०८०/२/२२ मा भएको फैसला बदर गरी उल्लेखित प्रतिवादीहरुलाई सजाय हुन मागदाबी लिइएको। |